# प्रथम रणनीतिक योजना

## (आ.व.२०७७/७८–२०८१/८२)



**सामाजिक सुरक्षा कोष**

बबरमहल, काठमाण्डौ

# विषयसूची

## परिच्छेद १
## पृष्ठभूमि

१.१ पृष्ठभूमि ........ ३
१.२ वर्तमान वस्तुस्थितिको विश्लेषण ........ ५
१.३ चुनौती ........ ९
१.४ अवसर ........ १०

## परिच्छेद २
## रणनीति

२.१ दीर्घकालीन सोच ........ ११
२.२ लक्ष्य ........ ११
२.३ रणनीतिक उद्देश्य ........ ११
२.४ रणनीति ........ ११
२.४.१ उद्देश्य १ सँग सम्बन्धित रणनीति ........ ११
२.४.२ उद्देश्य २ सँग सम्बन्धित रणनीति ........ ११
२.४.३ उद्देश्य ३ सँग सम्बन्धित रणनीति ........ १२
२.५ कार्यनीति ........ १२
१) रणनीति २.४.१ सँग सम्बन्धित ........ १२
२) रणनीति २.४.२ सँग सम्बन्धित ........ १३
३) रणनीति २.४.३ सँग सम्बन्धित ........ १५

## परिच्छेद ३
## प्राथमिकता र कार्यान्वयन

३.१ प्राथमिकता ........ १७
३.२ कार्यान्वयन ........ १७

## परिच्छेद ४
## अनुगमन, मूल्याङ्कन तथा जोखिम व्यवस्थापन

४.१ अनुगमन ........ १९
४.२ मूल्याङ्कन ........ १९
४.३ जोखिम अनुमान तथा व्यवस्थापन ........ २०
अनुसूची १ कार्यान्वयन कार्ययोजना ........ २१
अनुसूची २ नतिजा सूचक ........ २६

## परिच्छेद १
# पृष्ठभूमि

### १.१ पृष्ठभूमि

सामाजिक संरक्षण तथा सुरक्षाको अवधारणा मानव मर्यादा र सामाजिक न्यायको मान्यतासँग जोडिएको छ । यसलाई नागरिकको जीवनयापनमा कठिनाई भएको अवस्थामा राज्यको तर्फबाट प्रदान गरिने कल्याणकारी कार्यको रूपमा पनि हेर्ने गरेको पाइन्छ । सामाजिक संरक्षण तथा सुरक्षाले विभिन्न कारणबाट व्यक्ति तथा परिवारलाई आर्थिक तथा मानवीय जोखिमको अवस्थामा राज्यको क्षमता तथा स्रोतको उपलव्धताको आधारमा न्यूनतम जीवनयापनक लागि आवश्यक सहायताको सुनिश्चित गर्दछ ।

सामाजिक संरक्षण तथा सुरक्षाका सन्दर्भमा विभिन्न अवधारणाको विकास भएको पाइन्छ । नेपालमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिला, आर्थिक तथा सामाजिक रूपले विपन्न व्यक्ति लगायतका निश्चित अवस्थाका व्यक्तिहरू तथा परिवारको लागि राज्यको कोषबाट सामाजिक सुरक्षाको रूपमा सामाजिक सहायता दिने गरिएको छ । यसको लागि सामाजिक सुरक्षा ऐन, २०७५ र सो अर्न्तगत नियमावली समेत जारी भई गृह मन्त्रालय मार्फत कार्यान्वयनमा रहेको छ । यसका अलावा सामाजिक सुरक्षाको अर्को कार्यक्रमका रूपमा श्रम बजार व्यवस्थापनसँग सम्बन्धित योगदानमा आधारित सामाजिक सुरक्षा व्यवस्था सञ्चालनमा रहेको छ । यसको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ र सो अर्न्तगतको कानूनी आधार तयार भई सामाजिक सुरक्षा कोष मार्फत कार्यान्वयनमा रहेको छ । साथै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत स्वास्थ्य बिमाको माध्यमबाट स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ । बाली बिमा, पशुधन बिमा, कार्यस्थलमा हुने दुर्घटना लगायतका बिमासँग सम्बन्धित अन्य कार्यक्रमसमेत कार्यान्वयनमा रहेका छन् । आवास, आपत्कालिन उद्धार तथा राहत, आश्रय तथा सुधार गृह सञ्चालन लगायतका सामाजिक रेखदेख तथा सेवासँग सम्बन्धित कार्यक्रम पनि सञ्चालनमा रहेका छन् ।

सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सो बमोजिम २०६७ साल चैत्र ७ गते भएको हो । यस कोषले स्थापना कालदेखि सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएकोमा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि सो ऐन बमोजिम कार्य गर्दै आएको छ । ऐनको प्रस्तावनामा उल्लेखित श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न तथा योगदानकर्तालाई सामाजिक सुरक्षा प्रदान गर्नु यस कोषका उद्देश्य हुन् । सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्त रूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकलाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन् ।

योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी हाल कार्यान्वयनमा रहेका नीतिगत तथा कानुनी प्रावधान नै कोषले गर्ने कार्य सम्पादनको मार्गदर्शक हो । संविधानमा उल्लेखित योगदानमा आधारित सामाजिक सुरक्षाको हक, श्रम ऐन, २०७४ तथा नियमावली, २०७५, योगदानमा आधारित सामाजिक

सुरक्षा ऐन, २०७४ तथा नियमावली, २०७५, सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५, रोजगारदाता र श्रमिकको सूचीकरण सम्बन्धी कार्यविधि, २०७५, आर्थिक प्रशासन विनियमावली, २०७६, स्वास्थ्य सुरक्षा योजनाका लागि स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६ एवम् दीर्घकालीन सोच तथा पन्ध्रौं योजना कोषले गर्ने कार्य सम्पादनमा मार्गदर्शक हुन्। साथै, नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेका अन्तर्राष्ट्रिय श्रम संगठनको सामाजिक सुरक्षा (न्यूनतम मापदण्ड) सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९५२ लगायतका प्रतिबद्धता र अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धि सम्झौताबाट सिर्जित दायित्त्व समेत कोषले गर्ने कार्य सम्पादनका लागि मार्गदर्शकका रूपमा रहेका हुन्छन्।

योगदानमा आधारित सामाजिक सुरक्षा ऐनले औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराउन सक्ने प्रावधानले कोषको कार्य क्षेत्र व्यापक रहेको देखिन्छ। सोही ऐनको दफा १० मा औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाहरूको दायरा किटान गरिएको छ। त्यसमा कोषले नेपाल सरकारले तोकेको प्राथमिकताका आधारमा र चरणबद्ध रूपमा सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी उल्लेख गरिएको छ।

ऐनमा उल्लेखित सामाजिक सुरक्षा योजना सञ्चालन गर्नका लागि सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ कार्यान्वयनमा आएको छ। यस कार्यविधिमा उल्लेखित सामाजिक सुरक्षा योजनाहरू औपचारिक क्षेत्रका निजि प्रतिष्ठानहरूका लागि अनिवार्य गरिएको छ। २०७७ साल असार मसान्तसम्म कोषले सञ्चालन गरेका सामाजिक सुरक्षा योजनामा आबद्ध रोजगारदाता १२,४७७, योगदानकर्ताहरू १,६८,२४२ रहेका छन्। कुल योगदान रकम १,६०,९७,६८,९२० कोषमा जम्मा भएको छ।

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गराउन रोजगारदाता तथा श्रमिकको सूचीकरण गर्ने, योगदान रकम संकलन गर्ने, कोषमा जम्मा भएको रकम परिचालन गर्ने, सुविधा योजनाहरूको दाबी भुक्तानी व्यवस्थापन गर्ने, कोषमा आबद्ध स्वास्थ्य संस्थाहरूको सन्जाल विस्तार गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य उपचार पद्धतिमा पहुँच स्थापित गर्नेजस्ता कार्यहरू गर्दै आएको छ। कोषले गर्ने कार्य सम्पादनलाई सूचना तथा प्रविधिमैत्री बनाई छिटो, छरितो र गुणस्तरीय सेवा प्रवाहमा जोड दिँदै आएको छ।

नेपाल सरकारको आ.व. २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेटले अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्ति, वैदेशिक रोजगारीमा रहेका कामदार र सरकारी क्षेत्रमा रहेका अस्थायी तथा करारका कर्मचारी तथा श्रमिकहरूलाई कोषले सञ्चालन गर्ने योगदानमा आधारित

सामाजिक सुरक्षा योजनामा आबद्ध गर्ने विषय उल्लेख गरे अनुसार कोषको कार्यक्षेत्र आ.व. २०७७/७८ देखि थप विस्तार हुने देखिन्छ ।

सामाजिक सुरक्षा प्रणालीको सुदृढीकरणबाट संविधानले निर्धारण गरेको सामाजिक सुरक्षाको हक (धारा ४३) तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक (धारा ३४) को कार्यान्वयनमा महत्वपूर्ण योगदान पुग्नेछ। धारा ३४ को उपधारा (२) ले प्रत्याभूत गरेको योगदानमा आधारित सामाजिक सुरक्षाको हकको कार्यान्वयनको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेका छन्। ऐनले योगदानमा आधारित सामाजिक सुरक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि स्वायत्त तथा संगठित संस्थाको रूपमा सामाजिक सुरक्षा कोषको स्थापना गरेको छ ।

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन कोषबाट हुने व्यवस्था गरिएको सन्दर्भमा यस कोष अन्तर्गतका सामाजिक सुरक्षा योजनालाई अर्थतन्त्रका औपचारिक क्षेत्रका अतिरिक्त अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीका क्षेत्रमा विस्तार गरी योगदानमा आधारित सामाजिक सुरक्षालाई व्यापक र प्रभावकारीता अभिवृद्धि गरि यस प्रणालीलाई समतामूलक र समाजवाद उन्मुख अर्थतन्त्रको एक संवाहकको रूपमा स्थापित गर्नको लागि कोषले आगामी दिनमा अवलम्बन गर्नु पर्ने रणनीति, कार्यनीति तथा त्यसको कार्ययोजना समावेश गरी कोषको पहिलो रणनीतिक योजना तयार गरिएको छ ।

## १.२ वर्तमान वस्तुस्थितिको विश्लेषण

**क) सामाजिक सुरक्षा नागरिकको मौलिक हकको रूपमा:** नेपालको संविधानले सामाजिक सुरक्षालाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । सामाजिक सुरक्षाको सन्दर्भमा संविधानले समाजका दुई प्रकारका लक्षित समूहलाई सम्बोधन गरेको छ । पहिलो, श्रमिकको लागि योगदानमा आधारित सामाजिक सुरक्षाको हकको व्यवस्था धारा ३४ मा गरिएको छ भने दोस्रो लाभग्राही व्यक्ति तथा परिवारले योगदान गर्नु नपर्ने गरी आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई राज्यको तर्फबाट सामाजिक सहायता (Social Assistance) को रूपमा उपलब्ध गराइने सामाजिक सुरक्षाको हकको व्यवस्था धारा ४३ मा गरिएको छ ।

सामाजिक सहायताको रूपमा उपलब्ध गराइने सामाजिक सुरक्षाकार्यक्रम कार्यान्वयनको लागि सामाजिक सुरक्षा ऐन, २०७५ तथा त्यस अन्तर्गतको सामाजिक सुरक्षा नियमावली, २०७६ जारी भई नेपाल सरकारको गृह मन्त्रालय मार्फत सञ्चालन तथा व्यवस्थापनभइरहेको छ। आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा यस अन्तर्गतका लाभग्राहीको संख्या २९ लाख ५९ हजार ९१५ पुगेको छ भने यस्तो सुविधा पाउनको लागि सामाजिक सुरक्षा प्रणालीमा आवद्ध हुन योग्य रहेका व्यक्तिको संख्या ३२ लाख ११ हजार १३१ जना रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को आधार लिंदा नेपालको राष्ट्रिय बजेटको ११.७ प्रतिशत बजेट सामाजिक सुरक्षाको लागि विनियोजन भएको पाइन्छ । बजेटको यो हिस्सालाई पन्ध्रौं योजनाको अवधिमा १३.७ पुर्याउने लक्ष्य राखिएको छ । योजना अवधिमा जनसंख्याको साठी प्रतिशत सामाजिक सुरक्षाको दायरामा समावेश हुने अनुमान छ ।

**ख) योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागीको संख्याः** योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागिको संख्या न्यून रहेको छ । कुल रोजगारीमा रहेका व्यक्तिको संख्या करिब ७० लाख ८६ हजार रहेकोमा सोको ३७.८ प्रतिशत अर्थात २६ लाख ७५ हजार औपचारिक क्षेत्रमा रोजगार रहेका छन् । औपचारिक क्षेत्रका यी श्रमिक मध्ये योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा हालसम्म १ लाख ६८ हजार २१६ जना योगदानकर्ता सहभागी भएका छन् । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २० ले सो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका रोजगारदाताले ऐन प्रारम्भ भएको मितिले छ महिनाको अवधि भित्र कोषमा सूचीकरण गराउनु पर्ने व्यवस्था गरेकोछ । सूचीकरणको लागि नेपाल सरकार तथा कोषबाट आवश्यक अभियान सञ्चालन गरिएको भए पनि कुल रोजगारीको अवस्था तथा रोजगारदातको संख्याको आधारमा हालसम्म सुचीकृत रोजगारदाता तथा योगदानकर्ताको संख्या पर्याप्त छ भन्न सकिने अवस्था छैन ।

**ग) अनौपचारिक क्षेत्रको बाहुल्यता** : कुल रोजागारी मध्ये औपचारीक क्षेत्रमा २६ लाख ७५ हजार जना (३७.८ प्रतिशत) र अनौपचारीक क्षेत्रमा ४४ लाख ११ हजार जना (६२.२ प्रतिशत) रहेको छ । औपचारीक क्षेत्रमा कार्यरत सबै श्रमिकलाई कोषमा आवद्ध गर्नको लागि समेत कठिन भइ रहेको अवस्थामा अनौपचारीक क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गराउनु थप चुनौतिपूर्ण रहेकोछ । रोजगारीका अनौपचारीक क्षेत्र मध्ये कृषि क्षेत्रको योगदान २० प्रतिशत भन्दा बढी रहेको छ, अर्थात १४ लाख ३४ हजार जना कृषिको अनौपचारीक क्षेत्रमा कार्यरत छन् । अनौपचारीक क्षेत्र अन्तर्गतको अस्थायी र मौसमि प्रकृतिको कृषि क्षेत्रमा कार्यरत श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन कोषबाट विशेष योजना तथा कार्यक्रम तय हुनु पर्ने देखिन्छ ।

**घ) ऐनको फराकिलो दायरा तथा सामाजिक सुरक्षा योजनाको विविधिकरणः** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ ले श्रमिक, स्वरोजगारमा रहेको व्यक्ति, सरकारी सेवामा रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्ति समेत समावेश गरी व्यापक दायराको परिभाषा गरेको छ । यसले प्रतिष्ठान, श्रमिकलाई काममा लगाउने श्रमिक, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी वा श्रमिकलाई समेत समावेश गरी दायरालाई फराकिलो बनाएको छ ।

अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिलाई कोषबाट सञ्चालन गरिने सामाजिक सुरक्षाका योजनामा संलग्न गराउने र त्यसको लागि कोषले तोकिए बमोजिमका सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने ऐनको दफा ५ मा व्यवस्था गरिएको छ । त्यसै गरी दफा ११ ले सामाजिक सुरक्षा योजनामा सहभागि योगदानकर्ताको

कामको प्रकृति र आवश्यकताका आधारमा फरक फरक प्रकृतिको सामाजिक सुरक्षा योजना सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । यस प्रकारका योजनाको विकास तथा सिफारिस गर्ने अधिकार ऐन अन्तर्गत बनेको योगदानमा आधारित सामाजिक सुरक्षा नियमावलीले कोषलाई प्रदान गरेको छ ।

ऐनको दफा १८ मा नियमित प्रकृतिको आय आर्जनमा संलग्न नरहेको तोकिएको श्रमशक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रयोजनको लागि नेपाल सरकारले तोकिए बमोजिमको योगदान त्यस्तो श्रमशक्तिको नाममा कोषमा जम्मा गरिदिन सक्ने र त्यसरी जम्मा गरेको योगदानको आधारमा त्यस्तो श्रमशक्ति तोकिएको सामाजिक सुरक्षा योजनामा सहभागी हुने व्यवस्था रहेको छ । यस व्यवस्थालाई कार्यान्वयनमा ल्याउनको लागि आवश्यक ढाँचा तथा प्रक्रियाको निर्धारण गर्नुपर्ने देखिन्छ ।

पन्ध्रौ आवधिक योजनाले पनि अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउनका लागि लक्षित कार्यक्रम सञ्चालन गरिने कार्यनीति अवलम्बन गरेको छ । यसको लागि ऐनको दफा ५ को उपदफा (४) बमोजिम अनौपचारीक क्षेत्र तथा स्वरोजगारमा रहेका व्यक्तिलाई आकर्षण गर्ने सामाजिक सुरक्षा योजनाको विकास गरी कार्यान्वयन गर्न सकिने अवस्था छ ।

**ङ) सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको सूचीकरण** : ऐनको दफा २१ मा सरकारी सेवामा बहाल रहेको व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिको सूचीकरण सम्बन्धमा व्यवस्था गरिएको छ। यसको लागि नेपाल सरकारले आवश्यक व्यवस्था तोक्नु पर्ने अवस्था छ । यस प्रकारका योगदानकर्ताको सूचीकरण सम्बन्धी आवश्यक व्यवस्था कोषबाट निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने अवस्था छ। ऐनको दफा २० को उपदफा (५) बमोजिम अनौपचारीक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको कोषमा सूचीकरण सम्बन्धमा आवश्यक कार्यविधि नियम वा विनियमबाट निर्धारण गर्नुपर्ने देखिन्छ ।

**च) कोषका योगदानकर्तालाई ऋण उपलब्ध गराउने व्यवस्था:** ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ट) मा सामाजिक सुरक्षा योजनामा सहभागि भएका श्रमिक, स्वरोजगारमा रहेका व्यक्ति, सरकारी सेवामा बहाल रहेका व्यक्ति वा सरकारी कोषबाट पारिश्रमिक पाउने व्यक्तिलाई तोकिए बमोजिम ऋण दिने व्यवस्था रहेको छ । यस विषयमा नियमावलीमा कुनै व्यवस्था तोकिएको देखिदैन । यस व्यवस्थालाई कार्यान्वयनको लागि कोषले आवश्यक विनियमावली बनाई लागु गर्नुपर्ने अवस्था छ ।

**छ) वैदेशिक रोजगारीमा जानेलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गर्ने योजना:** संवत् २०७६ फागुनसम्ममा ४७ लाख ९२ हजार भन्दा बढी व्यक्ति नेपालबाट वैदेशिक रोजगारीमा गएको अनुमान छ । नेपालको पन्ध्रौ योजनाले यसरी रोजगारीमा जाने व्यक्तिको समेत योगदानमा आधारित सामाजिक सुरक्षा कोषको योजनामा सहभागि बनाउने नीति लिएको छ । यसको लागि आवश्यक कानूनी सुधारका विषयहरू पहिचान गरी कानून निर्माणको लागि कोषबाट सम्बन्धित निकायमा सिफारिस तथा समन्वय गर्नुपर्ने अवस्था छ ।

**ज) कानूनी सुधार तथा प्रष्टता र समन्वय:** योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा श्रमिकको योगदानसँग जोडिएर आउने श्रम ऐन, २०७४ लगायतका अन्य ऐनहरूमा रहको कर्मचारीको सञ्चयकोष कट्टा गर्ने

विषय तथा कर छूट लगायतका अन्य कतिपय विषयका सम्बन्धमा स्पष्ट व्यवस्था गर्नु पर्नेछ । योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा १९,२०,२२, २६ लगायतका व्यवस्थामा प्रष्ट हुने गरी संशोधन तथा परिमार्जन आवश्यक देखिन्छ । यसको साथै सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ लगायतका कोषका कार्यविधि तथा नियमावलीलाई अनौपचारिक क्षेत्रका श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको लागि समेत लाग हुने गरी आवश्यक परिमार्जन गर्नुपर्ने देखिन्छ ।

**झ) छरिएको सामाजिक सुरक्षा प्रणाली तथा व्यवस्थापन:** विधानको धारा ४३ बमोजिमको सामाजिक सुरक्षाको हकको कार्यान्वयन सम्बन्धमा गृह मन्त्रालय अर्न्तगतबाट सामाजिक सुरक्षा भत्ताको विवरण तथा व्यस्थापनको काम भई रहेको छ। त्यसै गरी ५५ जिल्लाका ५०५ स्थानीय तहहरूमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भई रहेकोछ। यस कार्यक्रममा २६ लाख ८७ हजार ८१० जनाले बिमा गरेका छन् । त्यसै गरी योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको सञ्चालन सामाजिक सुरक्षा कोषबाट हुँदै आएको छ । नेपाल सरकारले एकीकृत ढाँचामा सामाजिक सुरक्षा प्रणालीको सञ्चालन गर्नु पर्ने आवश्यकता महशुस गरी योजनामा समेत समावेश गरेको अवस्थामा त्यस्तो एकीकृत ढाँचाको सामाजिक सुरक्षाको सञ्चालन तथा व्यवस्थापन कोषले लिन सक्ने गरी आफ्नो भौतिक, प्राविधिक तथा प्रशासनिक क्षमताको विकास गर्नु आवश्यक छ ।

ऐनको दफा ४० मा सामाजिक सुरक्षा प्राप्त गर्ने योगदानकर्ता समितिले तोके बमोजिमको अभिलेख प्रणालीमा आवद्ध हुनुपर्ने व्यवस्था छ । यस अर्न्तगत कोषको प्रविधिमा आधारित आफ्नै सामाजिक सुरक्षा सूचना प्रणाली रहेको छ । दफा ४० मा कोषको अभिलेख प्रणालीको प्रयोजनको लागि समितिले व्यक्तिगत घटना दर्ता अभिलेख, मतदाता नामावलीमा सङ्ग्रहित तस्वीर तथा अन्य जैविक सूचना सहितको विवरण, राष्ट्रिय परिचयपत्रका लागि तयार भएको विवरण, गरिब घरपरिवार परिचयपत्रका लागि तयार भएको विवरण, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, निजामती, शिक्षक, प्रहरी, सशस्त्र प्रहरी तथा सैनिक किताबखाना, निजी विद्यालय, सार्वजनिक संस्थान र प्रचलित कानून बमोजिम स्थापना भएका उद्योग, कम्पनी, संस्था, संघ, फर्म वा प्रतिष्ठानमा रहेको योगदानकर्ताको वैयक्तिक विवरणको अभिलेख प्रणालीबाट सूचना र व्यक्तिगत विवरण प्राप्त गर्न सक्ने र त्यस्तो अभिलेखमा कोषको पहुँच रहने व्यवस्था गरिएको छ। यो व्यवस्था बमोजिम कोषलाई आवश्यक पर्ने अभिलेखमा पहुँचको लागि आवश्यक पहल तथा समन्वय गर्नु आवश्यक छ ।

**ञ) स्वायत्त तथा संगठित संस्थाको रूपमा कोष:** ऐनबाट कोषलाई स्वायत्त तथा स्वशासित संस्थाको रूपमा स्थापना गरिएको छ। कोषको सञ्चालक समितिमा नेपाल सरकार, रोजगारदाता तथा श्रमिक गरी श्रम सम्बन्धका तीनवटा पक्षकै प्रतिनिधित्व रहने गरी व्यवस्था गरिएको छ।ऐनको दफा ६२ मा कोषमा रहेको रकम अपर्याप्त भएको अवस्थामा सामाजिक सुरक्षा योजनालाई निरन्तरता दिने दायित्व नेपाल सरकारको रहने व्यवस्था गरिएको छ । कोषको लागि आवश्यक कर्मचारी पदपूर्ति भइसकेको अवस्था छ । कोषको सेवा प्रवाहलाई प्रभावकारी बनाउने र संस्थागत सुदृढीकरणलाई जोड दिनु पर्ने अवस्था छ ।

## १.३ चुनौती

योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा सबै श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिको आबद्धता बढाउनु चुनौतीपूर्ण रहेको छ। सम्बन्धित क्षेत्रमा (औपचारिक तथा अनौपचारिक रोजगारी एवम् स्वरोजगार तथा वैदेशिक रोजगार) रहेका सबै व्यक्तिहरूको तथ्याङ्क यकिन गर्ने कार्य समेत त्यत्तिकै महत्वपूर्ण छ। योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धी व्यापक प्रचारप्रसार गरी सबै लक्षित वर्गलाई आकर्षित गर्नु पनि उत्तिकै चुनौतीपूर्ण छ।

योगदानमा आधारित सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति तथा कार्यक्रमहरूसँग आबद्ध गर्ने कार्य कठिन रहेको छ। पूर्ण र उत्पादनशील रोजगारीको सिर्जना गरी सामाजिक सुरक्षा प्रणालीमा आबद्धतालाई निरन्तरता कायम गर्ने कार्य चुनौतीपूर्ण छ। अर्थतन्त्रमा आउने उतारचढावसँगै वित्तीय, मौद्रिक र आर्थिक परिवर्तनका बीच कोषको वित्तीय दिगोपना सुनिश्चित गर्ने कार्यसमेत महत्त्वपूर्ण छ। योगदानमा आधारित सामाजिक सुरक्षामा निजी क्षेत्रको आबद्धता, पुँजी बजारको गतिशीलता र संस्थागत सुशासनको अभिवृद्धि गर्दै सामाजिक सुरक्षा प्रणालीलाई सवल र दिगो बनाउने कार्य पनि चुनौतिपूर्ण रूपमा रहेको छ।

अनौपचारिक तथा स्वरोजगार क्षेत्रलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्दै औपचारिक क्षेत्रको विस्तार गर्ने कार्य चुनौतिपूर्ण रहेको छ। योगदान दरलाई सर्वस्वीकार्य, तिर्न सक्ने क्षमतायुक्त र समतामूलक बनाई दिगो र भरपर्दो रूपमा वित्तीय सुनिश्चितता कायम गर्नु चुनौतीपूर्ण छ। सुविधा योजनालाई पर्याप्त र पूर्वानुमानयोग्य बनाई सामाजिक सुरक्षाको प्रत्याभूति सहितको जोखिम उत्थानशील समाज निर्माण गर्नु जरुरी छ।

योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी कानूनको पूर्ण कार्यान्वयनका लागि स्पष्ट र समयबद्ध कार्ययोजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण छ। सामाजिक सुरक्षा कर कट्टी बापत संकलित र भविष्यमा संकलन हुने रकम कानुन अनुसार कोषमा स्थानान्तरण गरी दिगो प्रयोगमा ल्याउनु जरुरी छ। कल्याणकारी कोषबाट प्राप्त भएको रकमलाई सम्बन्धित श्रमिककै हकहितमा उपयोग गर्ने सम्बन्धी कार्य योजना बनाई कार्यान्वयन गर्ने कार्य समेत त्यत्तिकै महत्त्वपूर्ण छ। विगतमा प्रतिष्ठानहरूले सञ्चालन गरेको अवकाश कोषको व्यवस्थापन गर्ने कार्य थप चुनौतीका रूपमा रहेको छ।

सामाजिक सुरक्षासँग सम्बन्धित सरोकारवाला व्यक्ति, तहगत सरकार र निकायहरूसँगको समन्वय र सहकार्यलाई निरन्तर रूपमा अगाडि बढाउनु चुनौतीपूर्ण छ। त्रिपक्षीय सहमति र सौहार्दपूर्ण वातावरण निर्माण गरी सबैको समर्थन र प्रतिबद्धता निरन्तर रूपमा हासिल गर्ने कार्य समेत चुनौतीपूर्ण रहेको छ। अन्तर्राष्ट्रिय मापदण्ड र आधारहरूको पालना गरी बृहत् सामाजिक सुरक्षा योजना निर्माण गरी स्रोतको दिगोपनासहित त्यसलाई लागू गर्ने कार्य पनि चुनौतिपूर्ण रूपमा रहेको छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ बाट प्रभावित प्रतिष्ठान र संलग्न श्रमिकको सामाजिक सुरक्षा योगदान सम्बन्धी विषय थप पेचिलो बनेको छ । रोजगारी गुमाउन पुगेका श्रमिकको रोजगार सुरक्षा प्रत्याभूति तथा व्यवसाय धान्न कठिन परेका रोजगारदाताबाट योगदान वापतको रकम परिचालन गर्ने कार्य चुनौतीपूर्ण छ ।

## १.४ अवसर

संविधानमा नै योगदानमा आधारित सामाजिक सुरक्षालाई मौलिक हकको रूपमा स्थापित गरी कार्यान्वयनका लागि कानुनी तथा संरचनागत आधार तयार भई कार्य प्रारम्भ हुनु, निजी क्षेत्रका रोजगारदाताको श्रमिकप्रतिको सामाजिक सुरक्षा दायित्व किटान हुनु, प्रतिबद्धतासमेत व्यक्त हुनु र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सामाजिक सुरक्षाको विषयले प्राथमिकता पाउनु अवसरका रूपमा रहेका छन् ।

औपचारिक श्रम बजारको क्रमिक विस्तार, वित्तीय बजारको बढ्दो गतिशीलता, नियमन र सुदृढीकरण हुँदै गएको पुँजी बजार तथा रोजगारीका अवसरहरूको विस्तारसँगै सामाजिक सुरक्षाको औचित्य थप पुष्टि हुँदै गएको छ । प्रभावकारी राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीबाट नै आय सुरक्षा, असमानता र गरिबी न्यूनीकरण, समावेशीकरण र सामाजिक न्याय हासिल गर्दै समतामूलक समाज र समाजवाद उन्मुख अर्थतन्त्रको गन्तव्यमा पुग्न सकिने विषय संवैधानिक तथा नीतिगत रूपमै व्यक्त हुनुले योगदानमा आधारित सामाजिक सुरक्षाको जरुरत व्यापक र फराकिलो हुँदै गएको छ । संकटका समयमा सामाजिक सुरक्षा प्रणालीले स्वचालित स्थिरीकरणको रूपमा कार्य गर्न सक्छ भन्ने विगतका अनुभव तथा हालैको कोभिड-१९ को प्रभावले गर्दा थप अपरिहार्यताको बोध सिर्जना हुनु अवसरको रूपमा रहेको छ ।

असल कार्यको खोजी, उद्यमशीलताको विकास, रोजगारी र सुमधुर श्रम सम्बन्धमा भएको बढोत्तरी र लगानीमैत्री वातावरणका साथै संस्थागत सामाजिक उत्तरदायित्व प्रतिको कर्तव्यनिष्ठता र सुरक्षित भविष्यप्रतिको सचेतना विस्तारले सामाजिक सुरक्षा प्रणालीमा आबद्धता हुने अवसर उच्च हुँदै गएको छ । अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सहयोग र सहकार्यको निरन्तर प्रतिबद्धता व्यक्त हुनु, सामाजिक सुरक्षाको क्षेत्रमा सामाजिक साझेदारहरूमा विकसित हुँदै गएको जिम्मेवारीबोध तथा श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूमा बढ्दो सचेतना अवसरका रूपमा रहेका छन् । नेपालको जनसंख्याको अधिकांश मानिसहरू क्रियाशील उमेर १८ वर्ष देखि ६० वर्ष (करिब ५७ प्रतिशत) बीचमा रहेकाले आउने केही वर्षहरूका लागि आर्थिक रूपले क्रियाशील श्रमशक्ति पर्याप्त मात्रामा रहने हुनाले रोजगारीको विस्तार तथा सामाजिक सुरक्षाको आबद्धतामा जनसांख्यिक लाभ अवसरको रूपमा रहेको छ ।

# परिच्छेद २
# रणनीति

## २.१ दीर्घकालीन सोच

योगदानमा आधारित सामाजिक सुरक्षा मार्फत एकीकृत, दिगो र बृहत् सामाजिक संरक्षण तथा सुरक्षित र उत्थानशील समाज ।

## २.२ लक्ष्य

योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई सर्वव्यापी, पहुँचयोग्य र दिगो बनाई हरेक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्ने ।

## २.३ रणनीतिक उद्देश्य

१. कोषको कार्यक्षेत्रभित्र रहेका श्रमिक, कर्मचारी र स्वरोजगारमा रहेका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु ।

२. योगदानकर्ताको जीवनमा आइपर्ने आर्थिक सामाजिक जोखिमको प्रभावकारी व्यवस्थापन हुने गरी उपयुक्त सामाजिक सुरक्षा योजना विकास, विस्तार र सुधार तथा कोषको सुरक्षित र दक्षतापूर्ण परिचालन मार्फत वित्तीय दिगोपना हासिल गर्नु ।

३. सामाजिक सुरक्षा कोषको संस्थागत सुदृढीकरण गर्दै प्रभावकारी सेवा प्रवाह गर्नु ।

## २.४ रणनीति

उपर्युक्त रणनीतिक उद्देश्य हासिल गर्नका लागि देहायका रणनीतिहरू अवलम्बन गरिनेछन् :

### २.४.१ उद्देश्य १ सँग सम्बन्धित रणनीति

(क) मौजुदा कानूनको पूर्ण कार्यान्वयन र सुधार तथा परिमार्जन मार्फत सबल कानूनी तथा संरचनागत आधार तयार गर्ने ।

(ख) सूचीकरण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउँदै सामाजिक सुरक्षा प्रणालीमा बृहत र व्यापक आबद्धता सुनिश्चत गर्ने ।

### २.४.२ उद्देश्य २ सँग सम्बन्धित रणनीति

(क) योगदानकर्ताको कामको प्रकृति र आवश्यकताका आधारमा फरक फरक प्रकृतिको सामाजिक सुरक्षा योजनाको विकास, विस्तार र सुधार गर्ने ।

(ख) योगदान दर र सुविधा योजना बीच तादम्यता र सहसम्बन्ध स्थापित गरी कोषको दिगोपना सुनिश्चित गर्ने ।

(ग) जोखिम न्यूनीकरणका उपाय अवलम्बन तथा सुरक्षित लगानीमार्फत दिगो र महत्तम प्रतिफल हासिल गर्ने ।

### २.४.३ उद्देश्य ३ सँग सम्बन्धित रणनीति

(क) कोषको संस्थागत क्षमता विकास र सुदृढीकरण गर्ने ।

(ख) सूचना प्रविधिमा आधारित सेवाग्राही मैत्री सेवा प्रवाह गर्ने ।

(ग) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य उपचार पद्धतिमा योगदानकर्ताको पहुँच अभिवृद्धि गर्ने ।

## २.५ कार्यनीति

माथि उल्लिखित रणनीतिको कार्यान्वयनका लागि तपसिल अनुसारका कार्यनीति अवलम्बन गरिनेछ ।

### १) रणनीति २.४.१ सँग सम्बन्धित

**(क) मौजुदा कानूनको पूर्ण कार्यान्वयन र सुधार तथा परिमार्जन मार्फत सबल कानूनी तथा संरचनागत आधार तयार गर्ने ।**

१. योगदानमा आधारित सामाजिक सुरक्षा नीति तथा कानूनलाई अन्य अन्तरसम्बन्धित नीति तथा कानूनी व्यवस्थासँग समन्वयात्मक रूपमा कार्यान्वयन गर्दै लगिनेछ ।

२. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ मा समसामयिक संशोधनको लागि सिफारिस गरिनेछ ।

३. एकीकृत ढाँचाको सामाजिक सुरक्षा प्रणालीको विकासको लागि कानूनी आधार तयार गर्न सिफारिस गरिनेछ ।

४. नीतिगत तथा कानूनी प्रावधानले निर्दिष्ट गरेका बाँकी संरचना स्थापना तथा कार्यविधि, मार्गदर्शन र मापदण्ड तयार गरी कार्यान्वयन गर्दै लगिनेछ ।

५. योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनूरुप हुने गरी अन्य कानूनका व्यवस्थाहरु पहिचान गरी संशोधन गर्ने प्रक्रिया अगाडि बढाउन सिफारिस गरिनेछ ।

६. सामाजिक सुरक्षा कोषमा आबद्ध भएका योगदानकर्ताको अन्य अवकाश कोषहरूमा संकलित भएको रकम कोषमा हस्तान्तरण हुने व्यवस्था कार्यान्वयन गर्दै लगिनेछ ।

७. अनौपचारिक क्षेत्रमा रहेका श्रमिक तथा स्वरोजगारीमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षाका योजनामा आवद्ध गराउन उपयुक्त सामाजिक सुरक्षा योजना सञ्चालन र यी व्यक्तिलाई कोषमा सूचीकरण गर्ने कार्यविधि निर्धारण गरिनेछ ।

८. वैदेशिक रोजगारीमा जाने नेपालीलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गर्न सुधारका विषय पहिचान गरी कानूनी सुधार गरिनेछ ।

९. कोषका योगदानकर्तालाई ऋण उपलब्ध गराउने गरी कानूनी व्यवस्था गरिनेछ ।

१०. जालसाजी विरुद्ध (Antifraud) मार्गदर्शन तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

**(ख) सूचीकरण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउँदै सामाजिक सुरक्षा प्रणालीमा बृहत र व्यापक आबद्धता सुनिश्चत गर्ने ।**

१. सबै क्षेत्रका श्रमिक तथा व्यक्तिलाई कोषले सञ्चालन गरेका सामाजिक सुरक्षा योजनामा आबद्ध गराउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२. सरकारी क्षेत्रमा कार्यरत अस्थायी तथा करारमा रहेका कर्मचारी तथा श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्दै लगिनेछ । यस सम्बन्धी सूचीकरण सम्बन्धी प्रक्रिया निर्धारण गरी नेपाल सरकारलाई सिफारिस गरिनेछ ।

३. अनौपचारिक तथा स्वरोजगारमा रहेका व्यक्तिलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्दै लगिनेछ ।

४. नियमित प्रकृतिको आय आर्जनमा संलग्न नरहेको श्रम शक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउने प्रयोजनको लागि नेपाल सरकारले त्यस्तो श्रमशक्तिको नाममा गरिदिने योगदानको व्यवस्था कार्यान्वयन गर्न आवश्यक ढाँचा तथा प्रक्रियाको निर्धारण गरिनेछ ।

५. कोषले सञ्चालनमा ल्याएका योजनामा आबद्ध श्रमिक तथा व्यक्तिको रोजगारीको क्षेत्र (औपचारिक, अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगार) परिवर्तन हुँदा क्षेत्रगत सामाजिक सुरक्षा योजनाबिच सामन्जस्यता कायम गरी निरन्तर रूपमा हुने प्रणालीको विकास गरिनेछ ।

६. कानुनबाट स्थापित कुनै सामाजिक सुरक्षा योजनामा आबद्ध भएका श्रमिक तथा व्यक्तिको सामाजिक सुरक्षा योजना सञ्चालन गर्ने संस्थागत क्षेत्राधिकार परिवर्तन भएमा एक अर्कामा हस्तान्तरण हुने प्रणालीको विकास गरिनेछ ।

**२) रणनीति २.४.२ सँग सम्बन्धित**

**(क) योगदानकर्ताको कामको प्रकृति र आवश्यकताका आधारमा फरक फरक प्रकृतिको सामाजिक सुरक्षा योजनाको विकास, विस्तार र सुधार गर्ने ।**

१. जनसांख्यिक, आर्थिक, सामाजिक तथा पर्यावरणीय परिवर्तन र संस्थागत क्षमता अनुकूल हुने गरी सुविधा योजना विकास, विस्तार र सुधार गरी लागू गर्दै लगिनेछ ।

२. वैदेशिक रोजगारमा गएका कामदारहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्दै लगिनेछ ।

३. बेरोजगार सुविधा योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
४. सामाजिक सुरक्षा करलाई सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।
५. सामाजिक सुरक्षा कर र कल्याणकारी कोषमा जम्मा भएको रकम दिगो उपयोग हुने कार्ययोजना तयार गरी लागू गरिनेछ ।

**(ख) योगदान र सुविधा योजनाबीच तादम्यता र सहसम्बन्ध स्थापित गरी कोषको दिगोपना सुनिश्चित गर्ने ।**

१. योगदानकर्ताको आर्थिक तथा वित्तीय क्षमता अनुकूल हुने गरी सुविधाको न्यूनतम आधारभूत तहलाई सुनिश्चित गर्दै उच्च तहको सुविधा विस्तारमा जोड दिइनेछ ।
२. जुनसुकै क्षेत्रका श्रमिक सम्बन्धित सामाजिक सुरक्षा योजनामा आबद्ध हुनका लागि न्यूनतम योगदान दर निर्धारण गरी लागू गरिनेछ। आधारभूत पारिश्रमिक भन्दा कम पारिश्रमिक हुने श्रमिकको हकमा योगदानमा नपुग रकम पूरक सहयोगको रूपमा सरकारी कोषबाट मिलान हुने व्यवस्था गरिनेछ ।
३. योगदानकर्ता सुविधा योजना निर्धारण सम्बन्धी उपयुक्त उपकरण प्रयोग गरी सुविधालाई पूर्वानुमानयोग्य, समतामूलक र समन्यायिक वितरणयोग्य बनाउँदै लगिनेछ ।
४. योगदान दर तथा सुविधा योजना तयार गर्दा अन्तर्राष्ट्रिय मापदण्ड तथा आधारको परिचालन गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त भएका प्रतिबद्धतालाई समेत ध्यान दिइनेछ ।
५. आवधिक रूपमा बिमाङ्कीय मूल्याङ्कन गरिनेछ ।

**(ग) जोखिम न्यूनीकरणका उपाय अवलम्बन तथा सुरक्षित लगानीमार्फत दिगो र महत्तम प्रतिफल हासिल गर्ने ।**

१. लगानीका क्षेत्रहरूको पहिचान सहितको पोर्टोफोलियो प्रोफाइल तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
२. सामाजिक सुरक्षा कोष परिचालनको विश्वव्यापी सिद्धान्त र स्थानीय बजार अनुकुल योगदानकर्ता कर्जा सुविधा कार्यान्वयनमा ल्याइनेछ ।
३. दीर्घकानीन प्रकृतिका सुविधा भुक्तानी गर्न आवश्यक दर किटान गरी लगानीको प्रतिफल दैनिक रूपमा अनुगमन गर्ने पद्धति तयार गरी कार्यावन्यन गरिनेछ ।
४. आन्तरिक रोजगारी सिर्जनामा सहयोग, श्रमिकको आर्थिक अवस्थामा सुधार र वित्तीय वजार चलायमान हुन सहयोग पुग्ने गरी लगानीका क्षेत्र पहिचान गरिनेछ ।
५. निवृत्तभरण योजनालाई आकर्षित बनाउन र सुविधाको पूर्वानुमानयोग्य पद्धतिलाई सहयोग हुने तवरले उच्च प्रतिफल सहित कोषको रकम परिचालनलाई केन्द्रित गरी दीर्घकालीन लगानीका उपकरण जारी गर्न जोड दिइनेछ ।

६. बीमा तथा पुनर्बीमा प्रणाली कार्यान्वयनमा ल्याइनेछ। बीमा कम्पनीमा कोषको आंशिक जोखिम हस्तान्तरण सम्बन्धमा सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ ।
७. तरलता र प्रतिफलको उपयुक्त मिलान (Trade off) हुने किसिमले लगानीलाई अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन क्षेत्र पहिचान गरी सन्तुलित रूपमा परिचालन गरिनेछ ।
८. बृहत् पूर्वाधार लगायतका वैकल्पिक लगानी गर्ने कानूनी आधार पहिचान गरी कार्यान्वयनमा ल्याइनेछ ।
९. जनसांख्यिक, आर्थिक, राजनीतिक, संस्थागत तथा वैयक्तिक जोखिमको पूर्वानुमान गर्ने प्रणाली स्थापना गरी सोही अनुकूलका न्यूनीकरण, हस्तान्तरण र सामना गर्ने उपाय प्रयोगमा ल्याइनेछ ।
१०. कर्जा तथा जोखिम व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान तथा परामर्श लिई लगानीको सम्भावित जोखिम न्यूनीकरण गरिनेछ ।
११. सामाजिक सुरक्षा सम्बन्धी प्रणालीगत, सञ्चालन, वित्तीय र बजार जोखिमको पहिचान, पूर्वानुमान र व्यवस्थापन गर्ने विधि, पद्धति र प्रक्रिया सहित संरचनागत निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
१२. जोखिममा आधारित सूचना प्रणालीको व्यवस्था गरिनेछ ।
१३. योगदानको निरन्तरता हुने पद्धति विकास गरी नियमन तथा अनुगमन मार्फत योगदान संकलनलाई थप प्रभावकारी बनाइनेछ ।

**३) रणनीति २.४.३ सँग सम्बन्धित**

**(क) संस्थागत क्षमता विकास र सुदृढीकरण गर्ने ।**

१. कोषको सगठन संरचनामा पुनरावलोकन गरिनेछ। भौतिक स्रोत तथा पूर्वाधारको विस्तार तथा प्रदेशस्तरीय कोष (कार्यालय) स्थापना गर्दै लगिनेछ ।
२. कार्यरत मानवस्रोत विकासका लागि तालिम तथा सीप विकास, नेतृत्व विकास, वृत्ति विकास, उत्तराधिकारी योजना र अध्ययन तथा अनुसन्धान लगायतका विस्तार क्षमता विकास र उत्प्रेरणा अभिवृद्धिमा जोड दिइनेछ ।
३. सहभागितामूलक व्यवस्थापनलाई अभिवृद्धि गर्न कोषका उच्च व्यवस्थापन तहका कर्मचारी सम्मिलित समिति गठन गरी कार्यान्वयनमा ल्याइनेछ ।
४. कार्यसम्पादनमा आधारित मूल्याङ्कन र प्रोत्साहन प्रणालीको अवलम्बन गरिनेछ ।
५. योगदानमा आधारित सामाजिक सुरक्षा एकीकृत सूचना प्रणालीको विकास गरिनेछ । सूचना तथा तथ्याङ्कको अद्यावधिकता, संरक्षण र सुरक्षामा जोड दिइनेछ। सामाजिक सुरक्षा योजना वितरणको प्रतिवेदन प्रणाली विकास गरिनेछ ।

६. सरोकारवाला निकाय र सामाजिक साझेदारबीच प्रभावकारी समन्वय र सहभागिता पद्धति विकास गरिनेछ । अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग परिचालन मार्फत असल अभ्यासको आदान प्रदान गरिनेछ ।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र सञ्जाल विकास गरी सहकार्य र समन्वय अभिवृद्धि गरिनेछ ।

८. कोषको शासन, प्रशासन र व्यवस्थापनका सबै पक्षमा सुशासनका आधारभूत मान्यतालाई अवलम्बन गरिनेछ । प्रशासनिक मितव्ययिता र आन्तरिक नियन्त्रण प्रणाली स्थापनालाई प्राथमिकता दिइनेछ ।

**(ख) सूचना प्रविधिमा आधारित र सेवाग्राही मैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।**

१. कोषलाई आवश्यक पर्ने सूचना तथा प्रविधिजन्य स्रोत साधनको व्यवस्था गरिनेछ। सेवा प्रवाहका विभिन्न चरणमा सूचना प्रविधिको व्यापक प्रयोग गरिनेछ ।

२. सूचना तथा जानकारीको प्रभावकारी वितरण र उपलब्धताका लागि सूचना प्रविधिको अधिकतम उपयोग गरिनेछ ।

३. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई राष्ट्रिय सूचना प्रणालीसँग आबद्ध गरिनेछ । व्यवस्थापन सूचना प्रणालीमा उपयुक्त विद्युतीय प्रविधिको प्रयोग गरिनेछ ।

४. सेवा प्रवाहका नवीनतम प्रवृत्ति जस्तै एकल विन्दु सेवा, घुम्ति सेवा, दूर सेवा आदिको आवश्यकता अनुसार अनुसरण गरिनेछ ।

५. सेवा प्रवाहको गुणस्तर सुनिश्चित गर्ने विधि अवलम्बन गरिनेछ। सेवा प्रवाहको पृष्ठपोषण र सुधार प्रणाली स्थापना गरी लागू गरिनेछ ।

६. सेवाग्राहीको गुनासो शीघ्र समाधान हुने प्रणाली विकास गरी लागू गरिनेछ। कोषबाट प्रवाह गरिएका सेवा सुविधा सम्बन्धमा सेवाग्राहीको पुनरावलोकन गर्ने हकलाई सम्मान गर्दै स्वच्छ सुनुवाई हुने व्यवस्था अनुसरण गरिनेछ ।

**(ग) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य उपचार पद्धतिमा प्रभावकारी पहुँच अभिवृद्धि गर्ने ।**

१. कोषसँग सम्झौता गरिएका स्वास्थ्य संस्थाको सञ्जाल विकास गरी सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य उपचार पद्धतिमा योगदानकर्ताको सहज पहुँच सुनिश्चित गरिनेछ ।

२. स्वास्थ्य सम्बन्धी सेवा प्रवाहको मापदण्ड तर्जुमा तथा स्वास्थ्य संस्थाको स्थलगत निरीक्षण गर्ने पद्धति विकास गरिनेछ ।

३. योगदानकर्ता लक्षित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

परिच्छेद ३

# प्राथमिकता र कार्यान्वयन

## ३.१ प्राथमिकता

रणनीतिक योजनाका देहाय बमोजिमका प्राथमिकताहरू रहेका छन् :

१. योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बन्धित विद्यमान कानूनको पूर्ण कार्यान्वयन र सामजिक सुरक्षा योजनाहरूको विस्तार ।
२. कार्यान्वयनमा रहेका सामाजिक सुरक्षा योजनाहरूमा आबद्धतामा वृद्धि र निरन्तरता ।
३. विद्यमान सुविधा योजनाहरूको परिमार्जन तथा नयाँ सुविधा योजना पहिचान तथा विस्तार ।
४. औपचारिक तथा अनौपचारिक क्षेत्र र स्वरोजगार र वैदेशिक रोजगारीमा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली विस्तार ।
५. बहस, पैरवी, सूचना तथा जानकारी प्रवाह मार्फत सचेतना विकास तथा विस्तार र सामाजिक साझेदारको परिचालन तथा सामाजिक संवादको निरन्तरता ।
६. सेवा प्रवाह प्रणालीको सुदृढीकरण र सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग ।
७. प्रभावकारी वित्तीय सुशासन तथा व्यवस्थापन ।
८. संस्थागत क्षमता विकास र सुदृढीकरण ।
९. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई अन्य नीति तथा कानूनसँग समन्वयात्मक रूपमा कार्यान्वयन ।
१०. अनुगमन, मूल्याङ्कन तथा सुधार प्रणालीको क्रियाशीलता ।

## ३.२ कार्यान्वयन

यो रणनीतिक योजना कोषको सञ्चालक समितिबाट स्वीकृत भएपछि तत्कालै कार्यान्वयनमा लगिनेछ । यसको कार्यान्वयनका लागि आवश्यक पर्ने कानुनी पूर्वाधार निर्माण गरिनेछ ।

रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा सामग्री, सूचना तथा प्रविधिजन्य पूर्वाधार र जनशक्ति उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । स्रोत साधनको विवेकपूर्ण ढङ्गले प्राथमिकीकरण र परिचालन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोतको उपलब्धता, परिचालन, निकासा, खर्च तथा प्रतिवेदन गर्ने प्रणालीमा सुधार गरिनेछ ।

कार्यान्वयनमा संलग्न हुने सामाजिक सुरक्षा कोष र यसका प्रदेशस्तरीय कार्यालयले गर्नुपर्ने काम र निर्दिष्ट कर्तव्यलाई स्पष्ट पारिनेछ साथै, कार्यान्वयन कार्ययोजना (अनुसूची-१) समेत तयार गरी लागू गरिनेछ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौतालाई संस्थागत गरिनेछ ।

रणनीतिक योजना कार्यान्वयनलाई मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमसँग आबद्ध गरिनेछ । यो रणनीतिक योजना आर्थिक वर्ष २०७७/७८ देखि २०८१/८२ सम्म कार्यान्वयनमा रहनेछ ।

## परिच्छेद ४
# अनुगमन, मूल्याङ्कन तथा जोखिम व्यवस्थापन

## ४.१ अनुगमन

रणनीतिक योजना कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमनका लागि योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीसँग सरोकार राख्ने सबै निकाय संलग्न हुनेछन्। कोषको सञ्चालक समिति र सम्बन्धित मन्त्रालयबाट रणनीतिक योजना कार्यान्ययनका अवस्थाका बारेमा अनुगमन गरिनेछ ।

यस रणनीतिक योजनाको समग्र कार्यान्वयन स्थितिको अनुगमन गर्न कोषको सञ्चालक समितिले सो समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरूको समेत संलग्नता रहेको अनुगमन समिति गठन गर्नेछ । त्यस समितिले निर्धारित कार्यतालिका बमोजिम कोषले कार्यसम्पादन गरे नगरेको नियमित अनुगमन गरी सञ्चालक समितिसमक्ष प्रतिवेदन पेश गर्नेछ ।

अनुगमनको कार्ययोजना तयार गरी तदनुरूप कार्य सम्पादन गरिनेछ । सरल, स्पष्ट, मापनयोग्य र भरपर्दो नतिजा सूचक (अनुसूची - २) तयार गरी कार्यान्वयनमा ल्याइनेछ। रणनीतिक योजनाले निर्दिष्ट गरेका कार्यक्रम तथा क्रियाकलापको संयुक्त (त्रिपक्षीय) अनुगमन गरिनेछ। कोषका कार्यकारी निर्देशक, विभागीय प्रमुख र महाशाखा प्रमुखहरूबाट नियमित र निरन्तर रूपमा आन्तरिक अनुगमन गरिनेछ । अनुगमनमा संलग्न निकायहरूसँग सहकार्य र सूचनामा समन्वय गरिनेछ। अनुगमनबाट प्राप्त अनुपोषणलाई प्रतिवेदन र सुधार प्रणालीमा आबद्ध गर्दै समस्याको शीघ्र सम्बोधन गरिनेछ ।

## ४.२ मूल्याङ्कन

रणनीतिक योजनाको कार्यान्वयन र सोबाट राष्ट्रिय सामाजिक सुरक्षा प्रणालीमा परेको असर तथा प्रभावको मूल्याङ्कन गरिनेछ । कोषको सञ्चालक समिति र व्यवस्थापन तहबाट आन्तरिक मूल्याङ्कन गरिनेछ। योजनाको स्वतन्त्र रूपमा मूल्याङ्कन गर्नका लागि कोषको सञ्चालक समितिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ सम्मिलित मूल्याङ्कन कार्यदल वा विज्ञ सेवाबाट तेस्रो पक्ष मूल्याङ्कन समेत गर्न सक्नेछ । सो कार्यदलले कार्यान्वयनको मध्यावधि मूल्याङ्कन र नतिजा तथा असरको अन्तिम मूल्याङ्कन गरी समितिसमक्ष प्रतिवेदन पेश गर्नेछ । मूल्याङ्कन कार्यमा सामाजिक साझेदारका अतिरिक्त सामाजिक सुरक्षासँग सम्बन्धित नेपालस्थित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थालाई समेत आवश्यकता अनुसार संलग्न गराइनेछ। सबै किसिमका मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई प्रतिवेदन, सुधार र निर्णय निर्माण प्रणालीमा आबद्ध गरिनेछ ।

## ४.३ जोखिम अनुमान तथा व्यवस्थापन

रणनीतिक योजनाले लिएको लक्ष्य र उद्देश्य प्राप्त गर्नका लागि यस योजनामा उल्लेख गरिएका क्रियाकलापहरूको प्रभावकारी रूपमा कार्यान्वयन हुनु जरुरी हुन्छ। योजना कार्यान्वयनमा आन्तरिक तथा बाह्य पक्षको सहयोग र सहकार्यको उत्तिकै आवश्यकता पर्दछ। सामाजिक सुरक्षाको बलियो आधार निर्माण गर्न सो अनुरूप राजनीतिक नेतृत्व, कोषको कर्मचारीतन्त्र र सरोकारवालाको दृष्टिकोण तथा मनोवृत्ति एवम् संरचनात्मक व्यवस्थामा परिवर्तन आवश्यक छ। आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउँदै वित्तीय, मानवीय तथा भौतिक साधनको परिचालन प्रभावकारी रूपले हुन नसकेमा उल्लेखित लक्ष्य हासिल नहुने जोखिम रहन्छ।

यस योजना कार्यान्वयनको सन्दर्भमा मुख्यतया कोभिड–१९ को कारण अर्थतन्त्रमा परेको असरका कारण रोजगारी गुम्न सक्ने तथा सूचीकरणमा कमी आउने जोखिम प्रवल रूपमा देखा परेको छ। साथै, कोष सञ्चालनको लागि प्रशासनिक खर्चको लागि उपयुक्त स्रोत पहिचान हुन नसकेको सन्दर्भमा अपर्याप्त बजेट एवम् स्रोत साधन उपलब्धताको कारण समग्र क्रियाकलाप सञ्चालनको प्रभावकारितामा कमी आउने जोखिम रहेको छ।

दिगो विकासका लक्ष्य एवम् अन्य प्रतिवद्धताको आधारमा कोषले बहन गर्ने जोखिमको निराकरण गर्न नेपाल सरकारको भविष्यमा समेत निरन्तर सहयोग रहने अनुमान छ। साथै, अन्तर्राष्ट्रिय संघ संस्थाको समेत चासो देखिएको सन्दर्भमा वित्तीय जोखिम न्यूनीकरणमा थप सहयोग अनुमान गरिएको छ।

उल्लिखित अनुमानका आधारमा पहिचान गरिएका जोखिम वास्तविकतामा परिणत भएमा सो को व्यवस्थापनका लागि कोषले नेपाल सरकार तथा अन्य सरोकारवाला पक्षसँग समन्वय गरी आवश्यक पहल गर्नेछ। यसका लागि तत्काल आवश्यक पर्न सक्ने कानूनी तथा प्रक्रियागत सुधारका उपाय अवलम्बन गरिनेछ। चरणवद्ध रूपमा देखिन सक्ने जोखिमको प्रारम्भिक अवस्था मै पहिचान गरी व्यवस्थापनको पहल गरिनेछ।

## अनुसूची १ कार्यान्वयन कार्ययोजना

| क्र. सं. | क्रियाकलाप | इकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य | | | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| **कानूनी व्यवस्था र सुधार** | | | | | | | | | | | |
| १ | ऐन तथा नियमावली संशोधन | वटा | ४ | २ | २ | - | - | - | १२ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (श्र.रो.सा.सु.मन्त्रालय) | सा. सु. कोष<br>अर्थ मन्त्रालय<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| २ | विनियमावली, कार्यविधि तथा निर्देशिका निर्माण तथा संशोधन | वटा | १८ | ७ | ४ | ४ | ३ | - | ३६ | सा. सु. कोष | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (श्र.रो.सा.सु.मन्त्रालय) |
| ३ | मार्गदर्शन तथा मापदण्ड निर्माण | वटा | ६ | २ | २ | २ | - | - | ९ | सा. सु. कोष | |
| **संगठन संरचना र संस्थागत व्यवस्था** | | | | | | | | | | | |
| ४ | संगठन संरचना पुनरावलोकन | पटक | २ | १ | - | - | - | १ | १५ | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय<br>अर्थ मन्त्रालय |
| ५ | प्रदेश कार्यालय/ सम्पर्क कार्यालय स्थापना /घुम्ती सेवा केन्द्र सञ्चालन | वटा | ७/११/४२ | - | ३/४/१४ | २/३/१४ | १/२/७ | १/२/७ | ११०० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |

| क्र. सं. | क्रियाकलाप | इकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य | | | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| ६ | निकायगत/ तहगत समन्वय | वटा | नियमित | | | | | | ७५ | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| ७ | उच्च व्यवस्थापन समितिको गठन कार्यविधि तयारी तथा नियमित बैठक | संख्या | नियमित | | | | | | ३३ | सा. सु. कोष | - |
| **सूचना प्रविधि र पूर्वाधार** | | | | | | | | | | | |
| ८ | स्वास्थ्य संस्थामार्फत बीमा दाबी भुक्तानी पूर्वाधार निर्माण | संख्या | ३५० | ७० | १०० | ८० | ५० | ५० | ३५० | सा. सु. कोष | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ९ | सूचना प्रविधि प्रणालीको पूर्वाधार पुनर्संरचना | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | सा. सु. कोष | - |
| १० | जग्गा प्राप्ति तथा भवन निर्माण | संख्या | आवश्यकता अनुसार | | | | | | ५००० | सा. सु. कोष | |
| **मानव संशाधन विकास** | | | | | | | | | | | |
| ११ | स्वीकृत दरबन्दी अनुसार पदपूर्ति | संख्या | आवश्यकता अनुसार | | | | | | ३१० | सा. सु. कोष | लोक सेवा आयोग |
| १२ | आन्तरिक तथा बाह्य विषयगत तालिमको ब्यवस्था | पटक | नियमित | | | | | | ५०० | सा. सु. कोष | - |
| १३ | कार्य सम्पादनमा आधारित प्रोत्साहन | पटक | नियमित | | | | | | २५ | सा. सु. कोष | - |
| **औपचारिक क्षेत्रका योगदानकर्ता व्यवस्थापन** | | | | | | | | | | | |

| क्र. सं. | क्रियाकलाप | इकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य | | | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| १४ | सूचीकरण प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन | पटक | १५० | ५० | ४० | ३० | २० | १० | ३०० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| १५ | प्रचार सामग्री उत्पादन, प्रशारण र प्रकाशन | पटक | नियमित | | | | | | २५० | सा. सु. कोष | |
| **अनौपचारिक क्षेत्रका योगदानकर्ता व्यवस्थापन** | | | | | | | | | | | |
| १६ | अध्ययन तथा कार्यविधि निर्माण | संख्या | २ | १ | १ | - | - | - | १० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| १७ | सूचीकरण प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन | पटक | १०० | ५ | ३० | २५ | २० | २० | ३०० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| **स्वरोजगार क्षेत्रका योगदानकर्ता व्यवस्थापन** | | | | | | | | | | | |
| १८ | अध्ययन तथा कार्यविधि निर्माण | संख्या | १ | - | १ | - | - | - | ५ | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| १९ | सूचीकरण प्रबर्धनात्मक कार्यक्रम सञ्चालन | पटक | ५० | | | १० | २० | २० | १५० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| **वैदेशिक रोजगार क्षेत्रका योगदानकर्ता व्यवस्थापन** | | | | | | | | | | | |
| २० | अध्ययन तथा कार्यविधि निर्माण | संख्या | १ | - | १ | - | - | - | ५ | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |

| क्र. सं. | क्रियाकलाप | इकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य | | | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| २१ | सामाजिक सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको आदानप्रदान | संख्या | आवश्कता अनुसार | | | | | | २०० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| **सार्वजनिक क्षेत्रका योगदानकर्ता व्यवस्थापन** | | | | | | | | | | | |
| २२ | अस्थायी तथा करारको सूचीकरण प्रवर्द्धनात्मक कार्यक्रम | संख्या | ५० | १५ | १० | १० | १० | ५ | ५० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| **लगानी व्यवस्थापन** | | | | | | | | | | | |
| २३ | लगानी कार्यविधि तर्जुमा र संशोधन | संख्या | २ | १ | - | - | १ | - | ४ | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |
| २४ | योगदानकर्ता सापटी/कर्जा स्वाप र परियोजनागत कर्जा तथा लगानी कार्यविधि/मार्गदर्शन तर्जुमा | संख्या | ४ | ३ | - | १ | - | - | ८ | सा. सु. कोष | - |
| २५ | तरलता, लगानी र प्रतिफलको अनुगमन हुने गरी दैनिक रुपमा सूचना उपलब्ध हुने संयन्त्रको निर्माण | संख्या | निरन्तर | | | | | | ३ | सा. सु. कोष | - |
| २६ | शेयर, डिबेञ्चर मिच्युअल फण्डसहित अन्य वित्तीय उपकरणमा लगानी गर्ने प्रभावकारी संयन्त्रको निर्माण | संख्या | निरन्तर | | | | | | ५ | सा. सु. कोष | - |

| क्र. सं. | क्रियाकलाप | इकाइ | कुल लक्ष्य | वार्षिक लक्ष्य | | | | | अनुमानित लागत (रू. लाखमा) | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| २७ | वैकल्पिक लगानीका उकरणहरूमा लगानी गर्ने आधार निर्माण | पटक | निरन्तर | | | | | | १० | सा. सु. कोष | - |
| २८ | त्रैमासिक रूपमा बैंकिङ्ग बजार विश्लेषण गर्ने संयन्त्र तयारी | पटक | निरन्तर | | | | | | ६ | सा. सु. कोष | - |
| **अध्ययन अनुसन्धान तथा विकास** | | | | | | | | | | | |
| २९ | बिमाङ्कीय अध्ययन तथा मूल्यांकन | पटक | ३ | १ | १ | १ | - | - | ५० | सा. सु. कोष | - |
| ३० | अध्ययन तथा अनुसन्धान | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | १०० | सा. सु. कोष | - |
| ३१ | प्रतिवेदन प्रकाशन | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | ५० | सा. सु. कोष | - |
| **निरीक्षण अनुगमन तथा मूल्यांकन** | | | | | | | | | | | |
| ३२ | निरीक्षण | पटक | ७५ | १० | १२ | १५ | १८ | २० | १०० | सा. सु. कोष | - |
| ३३ | रणनीतिक योजना कार्यान्वयन अनुगमन | पटक | १० | २ | २ | २ | २ | २ | १० | सा. सु. कोष | - |
| ३४ | रणनीतिक योजना कार्यान्वयन मूल्यांकन | पटक | २ | - | - | १ | | १ | १० | सा. सु. कोष | श्र.रो.सा.सु.मन्त्रालय |

## अनुसूची २ नतिजा सूचक

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७६/७७) | | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| | | | | | **प्रभाव** | | | | | | | |
| १ | सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | २४ | | ३९ | ४७ | ५४ | ६० | | वार्षिक प्रतिवेदन | गृह मन्त्रालय | - |
| २ | योगदानकर्ता र सुविधा प्राप्त गर्ने श्रमिकको अनुपात | अनुपात | S1 | १३४:१ | ७:१ | ६:१ | ६:१ | ५:१ | ४:१ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | पहिलो, दोस्रो र तेस्रो स्किममा प्रति सय बढीमा २५, १० र २ जनाको दाबी परेको हुने। |
| | | | S2 | ३१३३:१ | २०:१ | १५:१ | १०:१ | १०:१ | १०:१ | | | |
| | | | S3 | २०३१:१ | ५०:१ | ५०:१ | ५०:१ | ५०:१ | ५०:१ | | | |
| ३ | कोषमा जम्मा भएको र सुविधाबापत खर्च भएको रकमको अनुपात | प्रतिशत | S1 | ६.८ | २० | ८० | ८० | ८० | ८० | वित्तीय विवरण | सा. सु. कोष | पहिलो, दोस्रो र तेस्रो स्कीममा कुल योगदानको बढीमा ८०, ६० र १०० प्रतिशत दाबी परेको हुने । दोस्रो र तेस्रो योजना घाटामा समेत जान सक्ने जोखिम रहेको। |
| | | | S2 | ०.२७ | १० | ३० | ५० | ६० | ६० | | | |
| | | | S3 | ५.३ | १०० | १०० | १०० | १०० | १०० | | | |
| | | | S3 | ४.५ | १०० | १०० | १०० | १०० | १०० | | | |
| ४ | कोषमा जम्मा भएको र लगानीमा रहेको रकमको अनुपात | प्रतिशत | | | १०:९ | १०:९ | १०:९ | १०:९ | १०:९ | वित्तीय विवरण | सा. सु. कोष | - |

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७६/७७) | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| | **असर** | | | | | | | | | | |
| ५ | औपचारिक क्षेत्रका कुल श्रमिकमध्ये योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धको अनुपात | प्रतिशत | ६.४ | १४.७ | २२.४ | २९.४ | ३१.१ | ३६.१ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |
| ६ | औपचारिक क्षेत्रका कुल रोजगारदाता मध्ये योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धको अनुपात | प्रतिशत | ३.१ | ६.८ | १०.७ | १६.२ | २१.५ | २५ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | विशेष गरी ठूला तथा मझौला रोजगारदाता कोषमा आबद्ध भएका हुने। |
| ७ | योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धमध्ये अनौपचारिक क्षेत्रका श्रमिकको अनुपात | प्रतिशत | - | - | ०.३३ | १.१ | १.७ | २.२ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | ३ लाख ५० हजार कृषक आबद्ध भएका हुने । |
| ८ | योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्धमध्ये स्वरोजगार श्रमिकको अनुपात | प्रतिशत | - | - | २ | ४ | ६ | ८ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | ४ लाख स्वरोजगार व्यक्ति सूचीकरण भएका हुने। |
| ९ | योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्धमध्ये सार्वजनिक क्षेत्रका श्रमिकको अनुपात | प्रतिशत | - | ५० | ७० | ८५ | ९५ | १०० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | सार्वजनिक निकायको सहयोग भएमा |
| १० | योगदानमा आधारित सामाजिक सुरक्षामा आबद्धमध्ये वैदेशिक रोजगार क्षेत्रका श्रमिकको अनुपात | प्रतिशत | - | - | - | २ | ५ | ७ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | कार्यविधि तर्जुमा भई वैदेशिक रोजगारीमा रहेका श्रमिक सूचीकरण आरम्भ भएको हुने। |

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७६/७७) | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| ११ | कोषमा जम्मा भएको र ऋण प्रवाह भएको रकमको अनुपात | प्रतिशत | - | २ | २ | ४ | ५ | ८ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |
| १२ | योगदानकर्ता कर्जा कार्यक्रम अन्तर्गत प्रवाह भएको ऋणको औषत ब्याजदर | प्रतिशत | - | ९ | ९ | ९ | ९ | ९ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |
| **प्रतिफल** | | | | | | | | | | | |
| १३ | सामाजिक सुरक्षा योजनामा समावेश हुने औपचारिक क्षेत्रका श्रमिकको संख्या | संख्या (हजारमा) | १६८ | ५०० | ६५० | ८०० | ९०० | १०००| वार्षिक प्रतिवेदन | सा. सु. कोष | नियमनकारी निकायको सहयोग भएमा |
| १४ | सामाजिक सुरक्षा योजनामा समावेश हुने औपचारिक क्षेत्रका प्रतिष्ठान | संख्या (हजारमा) | १२.४ | ५० | ६५ | ७२ | ९२ | १०० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | |
| १५ | सामाजिक सुरक्षा योजनामा समावेश हुने अनौपचारिक क्षेत्रका श्रमिकको संख्या | संख्या (हजारमा) | - | - | १५ | ५० | ८० | १०० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | क्षेत्रगत कार्यविधिहरू कार्यान्वयनमा आएको अवस्थामा। |
| १६ | सामाजिक सुरक्षा योजनामा समावेश हुने स्वरोजगार श्रमिकको संख्या | संख्या (हजारमा) | - | - | ५० | १०० | १५० | २०० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | क्षेत्रगत कार्यविधिहरू कार्यान्वयनमा आएको अवस्थामा। |
| १७ | सामाजिक सुरक्षा योजनामा समावेश हुने सार्वजनिक क्षेत्रका श्रमिकको संख्या | संख्या (हजारमा) | - | ५५ | ६३ | ७७ | ८६ | ११० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | सार्वजनिक निकायको सहयोग भएमा |

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७६/७७) | लक्ष्य २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | सामाजिक सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्ने औपचारिक क्षेत्रका श्रमिकको संख्या | संख्या (हजारमा) | ०.२१ | ५० | १०० | १५० | २५० | ४०० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |
| १९ | सामाजिक सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्ने अनौपचारिक क्षेत्रका श्रमिकको संख्या | संख्या (हजारमा) | - | - | १ | ५ | १२ | १५ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | |
| २० | सामाजिक सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्ने स्वरोजगार श्रमिकको संख्या | संख्या (हजारमा) | - | - | १ | ६ | १५ | २० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | |
| २१ | सामाजिक सुरक्षा योजनाबाट सुविधा प्राप्त गर्ने सार्वजनिक क्षेत्रका श्रमिकको संख्या | संख्या (हजारमा) | - | १ | ६ | ८ | ९ | ११ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | |
| २२ | सामाजिक सुरक्षा कोषमा जम्मा भएको कुल रकम | रू. करोडमा | १६० | ८५२ | २६३४ | ५३६४ | ८८२० | १३०७५ | | सा. सु. कोष | - |
| २३ | सामाजिक सुरक्षा कोषबाट सुविधा बापत खर्च भएको रकम | रू. करोडमा | ०.४३ | ६६ | २०४ | ४१६ | ६८४ | १०१५ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | दाबी बापतको भुक्तानीका लागि कोषको रकम पर्याप्त हुने। |
| २४ | लगानीमा रहेको कुल रकम | प्रतिशत | ९८ | ९६ | ९६ | ९६ | ९६ | ९६ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |

| क्र.सं. | नतिजा सूचक | एकाइ | आधार वर्ष (२०७६/७७) | लक्ष्य | | | | | सूचनाको स्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ | | | |
| २५ | योगदानकर्ता कर्जा कार्यक्रममा प्रवाह भएको रकम | प्रतिशत | - | १ | १ | २ | ३ | ४ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |
| २६ | योगदानकर्ता कर्जा कार्यक्रममा सहभागी ऋणीको संख्या | संख्या | - | ८५ | २६३ | १०७२ | २६४६ | ५०२३० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |
| २७ | क्षेत्रगत सुरक्षा योजना | संख्या | १ | ३ | ४ | ४ | ४ | ४ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | कम्तिमा ४ वटा योजना सञ्चालन भएको हुने। |
| २८ | कोषबाट सञ्चालित स्वास्थ्य सिविर तथा स्वास्थ्य सचेतना कार्यक्रम | संख्या | - | ६ | १३ | २० | २७ | ३४ | वार्षिक प्रतिवेदन | सा. सु. कोष | - |
| २९ | स्वास्थ्य संस्थासँगको आबद्धता | संख्या | ५९ | १५० | २०० | २५० | ३०० | ३५० | वार्षिक प्रतिवेदन | सा. सु. कोष | स्वास्थ्य संस्था आबद्धता कार्यक्रममा सहभागी हुने। |